annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ६१ पृष्ठ ८ | काठमाडौं, आइतबार १६ असार २०८१ | आषाढ कृष्णपक्ष नवमी, नेपाल संवत् ११४४ | SUNDAY, JUNE 30, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# अपराधको अखडा बन्दै मधेस

मधेस प्रदेशमा पछिल्लो समय आपराधिक गतिविधिमा निकै वृद्धि भएको छ। सामान्य विवादमा पनि झैं झगडा, पारिवारिक रिसिबी वा मनमुटावमा समेत हत्या जस्ता जघन्य अपराध नै गर्ने प्रवृत्ति बढेको छ। यसले समग्र मधेसको शान्ति सुरक्षामा प्रश्न उब्जाएको छ।

**मनिका झा** | *जनकपुरधाम*

– को रिपोर्ट

समाचार पृष्ठ २







## गुल्मीमा पहिरोले घर पुर्दा एकै परिवारका ५ जनाको मृत्यु

**मनोज कार्की** | *गुल्मी*

गुल्मीमा शुक्रबार राति परेको वर्षाका कारण पहिरोले घर पुरिँदा एकै परिवारका पाँच जनाको मृत्यु भएको छ। मालिका गाउँपालिका-६ अर्जैको कँडेलपाटामा भेषबहादुर विकको घर पहिरोले पुरिँदा ५ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ। पहिरोमा परेर ५६ वर्षीय भेषबहादुर विक, उनकी श्रीमती ४७ वर्षीया सुन्तली, बुहारी ३० वर्षीया सीता, ७ वर्षीया सपना र २ वर्षीया विपनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक शंकर पोखरेलले जानकारी दिए।

» बाँकी पृष्ठ ६

## सबैको साथले नगरपालिकाको छवि देश-विदेशमा



**रामकृष्ण खाण**

इजलास

स्वदेशमा मात्र होइन हाम्रो नगरपालिकाको चर्चा परिचर्चा अहिले अन्तर्राष्ट्रिय स्तरका विभिन्न फोरमहरूमा समेत चल्दा काम गर्नका लागि बेग्लै उत्साह जागेर आउँछ। दृढ संकल्पका साथ नगरवासीहरूको सेवामा लाग्न हामीलाई उत्साह जागिरहेको छ। एकल प्रयासले मात्र देश-विदेशमा नगरपालिकालाई उत्कृष्ट बनाउन संभव पक्कै थिएन्। उपलब्धिको यो श्रेय सम्पूर्ण नगरवासीहरूलाई नै दिन चाहन्छौं। हाम्रो नगरपालिका 'आइएसओ सर्टिफाइड' समेत हो। एसिया प्रशान्त क्षेत्रमा रहेका नगरपालिकाहरूको अन्तर्राष्ट्रिय छाता संगठन 'मेयर्स फर पिस र सिटिनेट' र युनाइटेड सिटिज एन्ड लोकल गभर्मेन्ट एसिया प्यासिफिकको समेत भर्खरै सदस्यता भएको छ।

नेपाल नगरपालिका संघले देशभरका नगरपालिकाबीचमा गराएको प्रतिस्पर्धाको आधारमा २०७७ सालमा सुशासन सेवा प्रवाह र २०७८ सालमा सामाजिक विकासतर्फ उत्कृष्ट काम गरेको भन्दै सम्मान गरेको थियो। यी सबै सम्मान र सदस्यता आबद्धताले हामीलाई काम गर्नका लागि बेग्लै ऊर्जा थपिरहेको छ।

निर्वाचित जनप्रतिनिधि र कार्यरत कर्मचारीहरूको एउटै मात्र उद्देश्य निःस्वार्थ रूपमा जनताको सेवा गर्नु हो। हामी त्यही मर्मबाट काम गरिरहेका हुन्छौं। अझै पनि समाजमा भौतिक पूर्वाधारलाई मात्र विकास मानिने प्रचलन छ। तर, मानवीय विकासको एजेन्डा पनि मुख्य रुपमा रहेको हुन्छ भन्ने कुरालाई हामीले अंगिकार गरेका छौं।

*(खाण, तिलोत्तमा नगरपालिका रुपन्देहीका नगरप्रमुख हुन्।)*

Since 1988 National Life 37 Years of Excellence National Life Insurance Company Ltd.

सफलताको निरन्तरता

बोनस दर रू. ६३ देखि ८५ सम्म

बीमालेखमा प्रदान गरिने वोनस दर सम्बन्धि सूचना

यस कम्पनीको आ.व. २०७९/०८० को बीमाङ्कीय प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणवाट स्वीकृति भए अनुरुप यस कम्पनीले सञ्चालनमा ल्याएको मुनाफामा सरिक हुने (बोनस लिने) गरि जारी गरिएको तपसिलमा उल्लेखित जीवन बीमालेखहरुमा प्रति वर्ष प्रति हजार बीमाङ्कमा निम्न उल्लेखित वोनस दर कायम गरिएको व्यहोरा सहर्ष जानकारी गराउंदछौं । उक्त तपसिलका बोनस दर अर्को मूल्याङ्कन प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणवाट स्वीकृति नभएसम्म यस कम्पनीले भुक्तानी गर्ने दावीहरुमा समेत अन्तरिम वोनस दरको रुपमा कायम हुने ब्यहोरा अनुरोध गर्दछौं ।

| बीमा योजना | अवधि (वर्ष) | बोनस (प्रति हजार) | बीमालेख संख्या |
|---|---|---|---|
| सावधिक जीवन बीमालेख | ० - ९ | रु.६४/- | ३,२४४ |
| | १० - १४ | रु.६४/- | १५,५१९ |
| | १५ - २० | रु.६४/- | १,९१,६१७ |
| | २१ - २५ | रु.७०/- | ४,३२९ |
| | २६ - २९ | रु.८५/- | २,५२५ |
| | ३० र सो भन्दा माथि | रु.८५/- | २,६५२ |
| सावधिक तथा आजीवन बीमालेख | ० - ९ | रु.६४/- | १६७ |
| | १० - १४ | रु.६४/- | ३,५३४ |
| | १५ - २० | रु.६४/- | ७०,७७६ |
| | २१ - २५ | रु.७०/- | ९१७ |
| | २६ - २९ | रु.८५/- | - |
| | ३० र सो भन्दा माथि | रु.८५/- | - |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमालेख | ० - ९ | रु.६३/- | ५६७ |
| | १० - १४ | रु.६३/- | २२,१६१ |
| | १५ - २० | रु.६४/- | ४५,५०६ |
| | २० - २५ | रु.६४/- | २०४ |
| | २६ - २९ | रु.६४/- | - |
| | ३० र सो भन्दा माथि | रु.६४/- | - |

कम्पनीको यस सफलताको लागि हामी सबै आदरणिय बीमितहरु, अभिकर्ताहरु, कर्तब्यनिष्ठ कर्मचारीहरु, श्री नेपाल बीमा प्राधिकरण, सबै सरोकारवालाहरु एवं शुभेच्छुकहरुमा आभार एवं कृतज्ञता ब्यक्त गर्दछौं ।

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED
www.nationallife.com.np फोन नं.: ०१-४५१४७९९

